धनगढीमाई नगरपालिकाका प्रमुख श्री शिव शंकर महतोज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको ३२औं बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा निम्न प्रस्तावहरुमाथी छलफल गरि निर्णय गरियो।

मिति: २०८०।१२।११ गते आईतबार

समय: विहानको ठिक ८:०० बजे

स्थान: प्रमुख प्रशासकीय भवन, ध.न.पा.

उपस्थिति:

| क्र.स. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रमुख | श्री शिव शंकर महतो | |
| २. | उपप्रमुख | श्री संगिता कुमारी चौधरी | |
| ३. | वडा अध्यक्ष-१ | श्री सुर्य नारायण यादव | |
| ४. | वडा अध्यक्ष-२ | श्री हमिद मियाँ | |
| ५. | वडा अध्यक्ष-३ | श्री बिरेन्द्र कुमार साह | |
| ६. | वडा अध्यक्ष-४ | श्री ओम प्रकाश यादव | |
| ७. | वडा अध्यक्ष-५ | श्री राम जतन कामैत | |
| ८. | वडा अध्यक्ष-६ | श्री भगलु महतो | |
| ९. | वडा अध्यक्ष-७ | श्री विजय कुमार महतो | |
| १०. | वडा अध्यक्ष-८ | श्री राम भरोस महतो | |
| ११. | वडा अध्यक्ष-९ | श्री प्रकाश योन्जन | |
| १२. | वडा अध्यक्ष-१० | श्री सरोज कुमार महतो | |
| १३. | वडा अध्यक्ष-११ | श्री अशोक कुमार श्रेष्ठ | |
| १४. | वडा अध्यक्ष-१२ | श्री जय प्रकाश ठाकुर | |
| १५. | वडा अध्यक्ष-१३ | श्री सूर्यमान तामाङ्ग/ इन्द्र प्र. यादव | |
| १६. | वडा अध्यक्ष-१४ | श्री अमित ठकुरी | |
| १७. | कार्यपालिका सदस्य | श्री अनिता देवी राम | |
| १८. | कार्यपालिका सदस्य | श्री कल्याण देवी पासमान | |
| १९. | कार्यपालिका सदस्य | श्री टिकाराम विश्वकर्मा | |
| २०. | कार्यपालिका सदस्य | श्री दिलिप कुमार राय | |
| २१. | कार्यपालिका सदस्य | श्री देव माया आले | |
| २२. | कार्यपालिका सदस्य | श्री संगिता कुमारी साह | |
| २३. | कार्यपालिका सदस्य | श्री सतिलाल सदाय | |
| २४. | कार्यपालिका सदस्य | श्री ज्ञान कुमारी चौधरी | |
| २५. | सचिव | श्री राज कुमार दास | |

बैठक संख्या: ३२

मिति: २०८०।१२।११ गते

धनगढीमाई नगरपालिका नगर कार्यपालिका कार्यालय धनगढी, सिरहा मधेश प्रदेश नेपाल

## धनगढीमाई नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयहरु

**प्रस्ताव नं.१: प्रमुख प्रशासकीय अधिकृतसँग परिचयात्मक र होली पर्वको शुभकामना सम्बन्धमा।**

**निर्णय:** मिति २०८० साल चैत्र ०२ गते देखि यस धनगढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालयको कार्यपालिका सदस्यज्यूहरुसँग प्रमुख प्रशासकीय अधिकृत श्री राज कुमार दास बीच सामूहिक रुपमा परिचय लिने दिने कार्य सहित होली पर्व २०८०को शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरियो।

**प्रस्ताव नं.२: चालू आ.ब.को योजनाहरु सञ्चालन गर्ने सम्बन्धमा।**

**निर्णय:** नगर सभाबाट स्वीकृत भई श्रोत शुनिश्चिता भएका योजनाहरु मात्र हाललाई कार्यान्वयन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.३: झोलुङ्गे पुल निर्माण स्थल सम्बन्धमा।**

**निर्णय:** यस धनगढीमाई नगरपालिकाको १२ नं. वडा कार्यालयको प.सं.२०८०।०८१ च.नं.१५९० मिति २०८०।१२।०९ को प्राप्त पत्रानुसार यस नगरपालिकाको वडा नं.१२ मा नयाँ ट्रेल ब्रिज निर्माणको लागि बजेट विनियोजन भई कार्यान्वयन गर्नुपर्ने भएमा सो पुलको नाम खुट्टि मडायण ट्रेल ब्रिज र खोला खुट्टि मडायण खोला गडमे र कुशमाहामा निर्माण कार्यलाई प्रक्रियागत रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.४: बैठक भत्ता सम्बन्धमा।**

**निर्णय:** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८०।११।२१ को च.नं.Div२-४७५३०/०८०।०८१ को पत्रानुसारको सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.५: आ.व.२०८१/०८२ को प्रथम त्रैमासिक सामाजिक सुरक्षा भत्ता वडा नं.६,७ र ८ को वितरण सम्बन्धमा।**

**निर्णय:** यस धनगढीमाई नगरपालिकामा आगामी आ.व.२०८१/०८२ को प्रथम त्रैमासिक देखि वडा नं.६, ७ र ८ को सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि समृद्धि फाइनान्सको शाखा कार्यालय, कसहासँग सम्झौता गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.६: कर्मचारीहरुको खाजा खाने समय तोक्ने सम्बन्धमा।**

**निर्णय:** यस धनगढीमाई नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको लागि कार्यालय संचालनको अवधिमा खाजा खाने समय दिनको ठिक २:०० बजे देखि २:४५ बजे सम्म निर्धारण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.७: दैनिक भम्रण भत्ता सम्बन्धमा।**

**निर्णय:** यस धनगढीमाई नगरपालिकाको कामको लागि खटाउनुपर्ने अवस्थामा मात्र दैनिक भ्रमण आदेश स्वीकृत गरी खटाउने व्यवस्था पूर्णरुपमा लागु गर्ने निर्णय गरियो।

प्रमाणीकरण गरियो।
राज कुमार दास
प्रमुख प्रशासकीय अधिकृत
दस्तखत
मिति: ०८०।१२।११

शिव शंकर महतो
नगर प्रमुख